# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, पटिहानी, चितवन, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मितिः २०८३/०१/११ गते शुक्रबारको चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, पटिहानी चितवनमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/२२ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, पटिहानी चितवनमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

## तपसिल

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१. ऋणी : अन्जु गुरुङ** (ना.प्र.नं. ३६१३८, जारी मिति २०६४/०१/२५, प्रतिलिपी जारी मिति २०७६/०७/२६, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। **ठेगाना :** चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२, (साविक पटिहानी गा.वि.स. वडा नं. ३)। **बाबु :** भाग्यमानी गुरुङ। **पति :** बेन बहादुर गुरुङ। **ससुरा :** केशर बहादुर गुरुङ। | **जमानतकर्ता : बेन बहादुर गुरुङ** (ना.प्र.नं. ३५२४१२/०३४, जारी मिति २०५१/०१/२०, प्रतिलिपी जारी मिति २०७०/०५/१९, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। **ठेगाना :** चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२, (साविक पटिहानी गा.वि.स. वडा नं. ३)। **बाबु :** केशर बहादुर गुरुङ। **बाजे :** ह. भट्ठ गुरुङ। |
| **जमानतकर्ता : केशर बहादुर गुरुङ** (ना.प्र.नं. ८३८३, जारी मिति २०३२/०४/३०, प्रतिलिपी जारी मिति २०६८/०७/०८, जारी गर्ने कार्यालय जि.प्र.का. चितवन)। **ठेगाना :** चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. २२ (साविक पटिहानी गा.वि.स. वडा नं. २)। **बाबु :** ह. भट्ठ गुरुङ। **बाजे :** काले गुरुङ। | **धितोमा रहेको सम्पत्तिको विवरण (घर/जग्गा) :** केशर बहादुर गुरुङको नाममा मालपोत कार्यालय भरतपुर, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला पटिहानी गा.वि.स. वडा न. २, नक्सा सिट नं. २ग, स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-१०-१३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१ |

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय पटिहानी चितवनबाट** समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय पटिहानी चितवनमा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x21